## ५० औ बैठक मिति २०७६।०१।२९ को निर्णय प्रतिलिपि

**नगर बस खरिदको लागी नपुग रकम थप गर्ने सम्वन्धमा**

निर्णय नं. १

मिति २०७५ चैत्र १३ गतेको नगर कार्यपालिकाको बैठक नं. ४८ औ बैठकको निर्णय नं. १३ बमोजिम नगर बस खरिदको लागी रू ७५००००००।०० (अक्षेरूपी पचहत्तर लाख ) विनियोजन भएकोमा प्राविधिक लागत इष्टिमेट अनुसार रकम अपुग हुने भएकोले वडा कार्यालय र नगरपालिकाको लागी मोटरसाईकल खरिद शिर्षकको बाँकी रकमबाट रू ५०००००।०० (अक्षेरूपी पाँच लाख ) रकम थप गर्ने निर्णय गरियो ।

**नगर वस खरिदको बोलपत्र आव्हानको सुचना प्रकाशन सम्वन्धमा**

निर्णय नं. २

नगर वस खरिदका लागी स्वीकृत लागत इष्टिमेट बमोजिम बोलपत्र आव्हानको सुचना (E-Bidding ) प्रकाशन लगायत खरिद सम्वन्धी अन्य प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**पशु सेवा शाखाको स्वीकृत बजेटको रकम भुक्तानि सम्वन्धमा**

निर्णय नं. ३

सुन्दरबजार नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार बाख्रा / बोका खरिद कार्यक्रम रू ६७५०००।०० (अक्षेरूपी छ लाख पचहत्तर हजार मात्र) रहेकोमा उक्त कार्यक्रम संचालन गर्न इच्छुक कम्पनी / फर्महरूलाई शिलवन्दी दरभाउपत्र पेश गर्न दोस्रो पटक सूचना आब्हान भएकोमा कुनैपनि कम्पनी फर्महरूले दरभाउपत्र पेश नगरेकोले पृथक पृथक उत्पादकहरूबाट सो बाख्रा संकलन गरी किषानहरूलाई वितरण गरिएकोले रकम भुक्तानिको लागी निर्णय गरिदिनुहुन पशु विकास शाखा निमित्त प्रमुख श्री सुलभ कुमार चौधरीले पेश गर्नुभएको पत्र विषयमा व्यापक छलफल भयो । उक्त कार्यक्रमको खर्च अनुमोदन गर्दै संलग्न विल भर्पाईको आधारमा रकम भुक्तानि दिने निर्णय गरियो ।

**योजना रूपान्तरण सम्वन्धमा**

निर्णय नं. ४

नगर कार्यपालिकाको बैठक नं. ४८ को नि.नं. १३ को बुदाँ २१ कटरको बोट टारी चौतारा बाटो ग्रावेल योजना वडा नं. १ लाई जुगेपानी-सेवा मन्दिर प्रा.वि. बुढिकन्या चौतारा मोटरबाटो निर्माण योजनामा रूपान्तरण गर्ने निर्णय गरियो ।

**योजना सम्झौता म्याद थप सम्वन्धमा**

निर्णय नं.५

यस नगरपालिका अन्तरगतका विभिन्न वडाहरूमा संचालित योजनाहरूको सम्झौताको म्याद अन्तिम पटक जेठ ५गते सम्मको लागी थप गर्ने निर्णय गरियो ।

नारायण पाण्डेय
प्रशासकीय अधिकृत